मधेश प्रदेश सरकार

# भौतिक पूर्वाधार विकास मन्त्रालय

जनकपुरधाम, नेपाल

(यातायात शाखा)

०४१-५९०६६२

पत्र संख्याः ०७९/८०

चलानी नं.: १५८

मितिः २०७९/०४/२६

विषयः <u>अनलाईन आवेदन प्रणालीमा कोटा निर्धारण सम्बन्धमा</u> ।

श्री यातायात व्यवस्था कार्यालय, धनुषा, सिरहा ।

श्री यातायात व्यवस्था कार्यालय (स.चा.अ.प.), बिरगंज ।

श्री यातायात व्यवस्था सेवा कार्यालय, बर्दिबास ।

उपर्युक्त विषयमा श्री यातायात व्यवस्था विभागको प.सं.सू.प्र./२०७९/८० च.नं.६३ मिति २०७९/०४/२० गतेको पत्रानुसार हालै संचालनमा आएको अनलाईन आवेदन प्रणालीमा कार्यालयगत आवेदनहरुको दैनिक कोटा निर्धारण गर्ने कार्य यातायात व्यवस्था विभागले गर्दै आईरहेकामा, उक्त कोटा निर्धारण गर्ने कार्य यस मन्त्रालयलाई हस्तान्तरण गरिसकेको छ । अब उप्रान्त अनलाईन आवेदन प्रणालीको कोटा निर्धारण गर्ने कार्य यस मन्त्रालयबाट गरिने भएको हुँदा तहाँ कार्यालयहरुलाई विभिन्न वर्गहरुमा आवश्यक कोटा यकिन गरी यस मन्त्रालयको यातायात शाखाको ईमेल ठेगाना (mopidp2.transport@gmail.com) सम्पर्क व्यक्ति (सुशिल कुमार मण्डल, क.अ.) सम्म पुग्ने गरी व्यवस्था मिलाई पठाईदिनुहुन आदेशानुसार अनुरोध छ ।

२०७९/०४/२६

.............

(सुशिल कुमार मण्डल)

क.अ.

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
**यातायात व्यवस्था विभाग**
(सूचना प्रविधि शाखा)

फोन नं. ०१-४४७४९२१
०१-४४७४९२२
E-mail: it@dotm.gov.np
Website: www.dotm.gov.np
मीनभवन, काठमाण्डौं ।

प.सं.: सू.प्र./२०७९/८०
च.नं. ६९

मिति: २०७९/०४/२०

श्री यातायात व्यवस्था तथा सञ्चार मन्त्रालय, प्रदेश नं. १ ।
श्री भौतिक पूर्वाधार विकास मन्त्रालय, मधेश प्रदेश ।
श्री श्रम, रोजगार तथा यातायात मन्त्रालय, वागमती प्रदेश ।
श्री भौतिक पूर्वाधार, शहरी विकास तथा यातायात व्यवस्था मन्त्रालय, गण्डकी प्रदेश ।
श्री श्रम, रोजगार तथा यातायात व्यवस्था मन्त्रालय, लुम्बिनी प्रदेश ।
श्री भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालय, कर्णाली प्रदेश ।
श्री भौतिक पूर्वाधार विकास मन्त्रालय, सुदूरपश्चिम प्रदेश ।

६८१
२६१
२०७९-४-२०

विषयः अनलाईन आवेदन प्रणालीमा कोटा निर्धारण सम्वन्धमा ।

प्रस्तुत विषयमा हालै संचालनमा आएको अनलाईन आवेदन प्रणालीमा कार्यालयगत आवेदनहरुको दैनिक कोटा प्रदेश मन्त्रालयले निर्धारण गर्ने गरी व्यवस्थापन गरिएको हुँदा तहाँ मातहतका यातायात व्यवस्था कार्यालय तथा यातायात व्यवस्था सेवा कार्यालयहरुको माग वमोजिम तहाँ मन्त्रालयबाट नै दैनिक कोटा निर्धारण गरिदिने व्यवस्था हुन आदेशानुसार अनुरोध छ । साथै अव उप्रान्त अनलाईन आवेदन प्रणालीको कोटा निर्धारण यस विभागबाट नगरिने तथा अनलाईन आवेदन प्रणालीको प्रदेश मन्त्रालयको User ID र Password यस अघि इमेल मार्फत उपलब्ध गराईसकिएको व्यहोरा समेत अनुरोध छ ।

..............................
(सन्तोष पोखरेल)
कम्प्युटर ईन्जिनियर

<u>बोधार्थ:</u>
श्री यातायात व्यवस्था कार्यालय, सवै ।
श्री यातायात व्यवस्था सेवा कार्यालय, सवै ।